नेपाल सरकार

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

***अध्ययन अनुसन्धान गर्ने क्षेत्रहरू***

यस प्रतिष्ठानद्वारा आ.ब. २०७७/०७८ का लागि आदिवासी जनजातिहरूको विविध पक्षहरूमा अध्ययन अनुसन्धान गर्न निम्न वमोजिमका क्षेत्रहरू र पेश गर्नुपर्ने आवश्यक कागजातहरू उल्लेख गरिएको ब्यहोरा जानकारी गराइन्छ ।

१ कुशवाडिया र कुसुण्डा जातिको जातीय चिनारी (इथ्नोग्राफिक प्रोफाइल)को अध्ययन

२. आदिवासी जनजातीय भाषामा रहेका मौलिक स्थाननाम र अपभ्रंशित ठाउँहरूको अध्ययन

३. निजामति र सरकारी संस्थानहरूका सेवामा आदिवासी जनजातिको पहुँच र नेपालको समाबेशी नीति

४. आदिवासी जनजातिको ज्ञान, शिप र प्रविधिको अभ्यास दस्तावेजिकरण साथै आर्थिक सशक्तिकरणको महत्व

५ आदिवासी जनजातिका प्रथा जनित कानूनको अवस्था, महत्व र संरक्षणको उपायहरु

६. सूचिकृत आदिवासी जनजातिहरुको संक्षिप्त जानकारीको अध्ययन

७ स्थानिय तहमा आदिवासी जनजातिहरुको प्रतिनिधित्व एक तुलानात्मक अध्ययन–२०४६ अगाडिको गाँउ पञ्चायत निर्वाचन, २०४९ र २०७४ को स्थानिय तहको निर्वाचन

८ मातृभाषा, लोकसाहित्य, लोकभाका र संस्कृतिक स्म्पदाको दस्तावेजिकरण, संरक्षण र सम्वर्धनमा स्थानिय सरकारको भूमिका

९ आदिवासी जनजाति महिलाहरुको समाजिक, आर्थिक तथा राजनैतिक, क्षेत्रमा पहुँच

१० आदिवासी जनजातिको थातथलो, बसाइ सराईको प्रवृति, प्रभाव र असर

११ विकास निर्माण, संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्षण क्षेत्र, सामुदायिक वन लगायतका बन ब्यवस्थापन र तथाकथित भूमि सुधारको सन्दर्भमा आदिवासी जनजातिको भूमि अधिकारको मुद्दा

१२ कोभिड १९ ले आदिवासी जनजातिमा पारेको प्रभाव

१३ लोपोन्मुख आदिवासी जनजातिहरुका सामाजिक सुरक्षा भत्ताको महत्व, प्रभाव

१४ आदिवासी जनजातिको सामाजिक, आर्थिक, शैक्षिकको आधारमा वर्गिकरण

## अनुसन्धानकर्ता व्यक्ति वा संस्थाहरूले पेश गर्नुपर्ने कागजपत्रहरू:

१ वुँदा नं. १ का लागि कम्तिमा ३ वर्ष अध्ययन अनुसन्धानमा अनुभव प्राप्त गरी इथ्नोग्राफिक प्रोफाइल वा अन्य विषयमा अनुसन्धानात्मक कृतिहरू प्रकाशन भएको विवरणहरू समेटिएको वैयक्तिक विवरण र नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२. बुँदा नं. १ वाहेक अन्यको लागि माथि उल्लेखित क्षेत्रहरुको अध्ययन अनुसन्धानमा संलग्न रहदै आएका वा सो सम्वन्धि कृति, लेख र रचनाहरू प्रकाशन गरेका अनुभव प्राप्त अध्ययन अनुसन्धानकर्ताहरूले प्रकाशित कृति, लेख रचनासहित बैयक्तिक विवरण र नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. अनुसन्धानकर्ताहरुले अध्ययन गर्न चाहेको विषयमा संक्षिप्त अवधारणापत्र तयार गरी पेश गर्नु पर्नेछ । अवधारणापत्र ४-५ पेजसम्म, प्रिति फन्टको १४ साईज देवनागरी लिपीमा हुनुपर्नेछ ।

४. संस्थाको हकमा सूचनामा उल्लेख गरिए अनुसारको कागजातहरू पेश गर्नु पर्नेछ साथै संस्थाका तर्फबाट विज्ञ अनुसन्धानकर्ताको बैयक्तिक विवरण पेश गर्नु पर्नेछ ।

**विस्तृत जानकारीको लागि**

प्राज्ञिक तथा अनुसन्धान महाशाखा

*आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान*

सानेपा, ललितपुर, फोन नं. ०१-५१८३२५२

*website :* www.nfdin.gov.np